# DOED has awarded Nhpc Indrawati for survey license of New Hydropower project (12.3 MW)



नेपाल सरकार
ऊर्जा मन्त्रालय
विद्युत विकास विभाग

विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र
(माथिल्लो माद्मेखोला जलविद्युत आयोजना)

अनुमतिपत्र संख्या : वि.वि.वि. ०७४/७५ वि.उ.स. ९६८

श्री नेशनल हाइड्रो पावर कम्पनी लिमिटेड
काठमाडौं महानगरपालिका वडा नं. १०, विनायकनगर, काठमाडौं, नेपाल ।

महाशय,

विद्युत उत्पादनको सर्वेक्षणको लागि अनुमतिपत्र पाउन मिति २०७४/८/१९ मा दिनुभएको दरखास्त अनुसार देहायको विवरण खोली विद्युत ऐन, २०४९ को दफा ४ को उपदफा (२) र विद्युत नियमावली, २०५० को नियम ८ बमोजिम यो अनुमतिपत्र प्रदान गरिएको छ ।

१. विद्युत उत्पादनको सर्वेक्षण गर्न चाहने व्यक्ति वा संगठित संस्थाको पुरा नाम र ठेगाना :
श्री नेशनल हाइड्रो पावर कम्पनी लिमिटेड
काठमाडौं महानगरपालिका वडा नं. १०, विनायकनगर, अनामनगर, काठमाडौं, नेपाल ।
पो.ब.नं. : ५५१८
फोन नं. : ०१ ५१७२६८५, ४७७१६००, ४७७१७००, ४७७१८००, फ्याक्स नं. : ०१ ४७७१९००
मोबाइल नं. : ९८५११६५९९५(कुमार पाण्डे), ।
इमेल : hydronational@yahoo.com

२. उत्पादनको सर्वेक्षण गरिने विद्युतको किसिम : जलविद्युत ।

३. जलविद्युत उत्पादनको लागि सर्वेक्षण गरिने जलस्रोतको नाम : माद्मे खोला ।
(गण्डकी अञ्चल कास्की जिल्लाको साविक नागार्जुन गा.वि.स.मा अवस्थित माद्मे खोलामा पहिचान भएको १२,३०० किलोवाट (प्रारम्भिक डेस्क स्टडी प्रतिवेदन अनुसार) क्षमताको माथिल्लो माद्मेखोला जलविद्युत आयोजना ।)

४. सर्वेक्षण गर्ने क्षेत्र :

| | | | |
|---|---|---|---|
| (क) | अञ्चल | : | गण्डकी । |
| (ख) | जिल्ला | : | कास्की । |
| (ग) | गा.वि.स./नगरपालिका | : | नागार्जुन गा.वि.स.हरु । |
| (घ) | पूर्व | : | ८४° १०' ४८" पूर्वी देशान्तर । |
| | पश्चिम | : | ८४° ०९' १३" पूर्वी देशान्तर । |
| | उत्तर | : | २८° २६' ४०" उत्तरी अक्षांश । |
| | दक्षिण | : | २८° २५' ५०" उत्तरी अक्षांश । |

(माथि उल्लिखित क्षेत्र भित्रको माद्मे खोलाको पानी उपयोग गर्ने गरी)

५. सर्वेक्षणको प्रकृति :
आयोजनाको सम्भाव्यता तथा वातावरणीय अध्ययन ।

६. अनुमतिपत्र बहाल रहने अवधि :
मिति : २०७४/९/७ देखि २०७६/९/६ सम्म ।

७. अन्य शर्तहरू :
(क) सर्वेक्षण कार्य गरिने स्थलको मोटा-मोटी नक्सा त्यस संस्थाले दरखास्तसाथ पेश गरेको अनुसूची-१ को संलग्न नक्सा बमोजिम हुनेछ ।
(ख) विद्युत नियमावली, २०५० को नियम २१ बमोजिम सर्वेक्षणको कार्य ३ महिनाभित्र शुरू गरी सोको जानकारी विद्युत विकास विभागलाई दिनु पर्नेछ । विभागीय अनुगमन प्रयोजनका लागि प्रत्येक ६/६ महिनामा कार्य प्रगति विवरण विभाग समक्ष उपलब्ध गराउनु पर्नेछ । विभागले आवश्यक ठानेमा कार्यप्रगति सम्बन्धमा फिल्ड अनुगमन एवम् प्रस्तुति समेत गर्न लगाउन सक्नेछ ।

पाना संख्या २ को १

वि.वि.वि.०७४/७५ वि.उ.स. ९६८

(ग) नेपाल सरकारबाट जलविद्युत आयोजनाहरूको अध्ययन कार्य गर्दा अपनाउनु पर्ने प्रक्रिया बारे तयार गरिएको "Guidelines for Study of Hydropower Projects, December 2003" को अधिनमा रही त्यस संस्थाले पेश गरेको Desk Study Report तथा दरखास्तसाथ पेश गरेका अन्य कागजातहरू बमोजिम आयोजनाको अध्ययन कार्य सम्पन्न गरी प्रतिवेदन पेश गर्नुपर्नेछ ।

(घ) अनुमतिपत्र प्रदान भएको मितिबाट दुई वर्षको अवधिभित्र प्रवर्द्धकले क्रमिलमा यस अनुमतिपत्रको प्रकरण ७ (ग) मा उल्लिखित स्वीकृत Guidelines बमोजिम आयोजनाको Topographical Mapping, Surface Geological Mapping, Geophysical Survey, Construction Material Survey, Hydrological Studies, Sediment Sampling and Analysis, Geotechnical Investigation सम्बन्धी कार्यहरू सम्पन्न गरी वातावरणीय अध्ययनतर्फ उल्लेखनीय प्रगति गर्नुपर्नेछ र त्यसको प्रगति प्रतिवेदन विद्युत विकास विभाग समक्ष पेश गर्नु पर्नेछ ।

(ङ) शर्त (घ)मा उल्लिखित कार्यहरू तोकिएको अवधिभित्रै एवम् शर्त (ग) बमोजिमको गुणस्तरमा सम्पन्न गर्नेगरी तयार गरिएको परिमार्जित कार्यतालिका यो अनुमतिपत्र प्रदान भएको मितिले एक महिनाभित्र विभाग समक्ष पेश गर्नुपर्नेछ ।

(च) उपरोक्त अनुसारको कार्यतालिका बमोजिम अध्ययन कार्यहरू सम्पन्न गरी बाकी कार्यहरू सम्पन्न गर्न प्रचलित कानून एवम् निर्देशिका बमोजिम अनुमतिपत्र नवीकरणको लागि दरखास्त पेश गर्नुपर्नेछ । यस्तो दरखास्तसाथ प्राप्त हुने प्रतिवेदन एवम् कार्यतालिका अनुसारको प्रगति विवरण सन्तोषजनक भएमा मात्र अनुमतिपत्रको नवीकरण प्रक्रिया अघि बढाइनेछ । अन्यथा उक्त अनुमतिपत्र रद्द गरिनेछ ।

(छ) यस अनुमतिपत्र बमोजिमको अध्ययन गर्न लाग्ने सम्पूर्ण रकम त्यस संस्थाले व्यहोर्नु पर्नेछ र त्यस्तो खर्च प्रति नेपाल सरकारको कुनै दायित्व हुने छैन ।

(ज) अनुमतिपत्र प्राप्त व्यक्तिले यो अनुमतिपत्र बिक्री गर्ने वा अन्य कुनै प्रकारले कसैलाई हस्तान्तरण गर्नु परेमा विद्युत ऐन, २०४९ को दफा ४ को उपदफा ५ बमोजिम तोकिएका अधिकारीबाट स्वीकृती लिनुपर्नेछ । अनुमतिपत्रको स्वामित्वको संरचनामा कुनै हेरफेर वा परिवर्तन भएमा सोको जानकारी विद्युत विकास विभागलाई दिनु पर्नेछ ।

(झ) यस अनुमतिपत्रमा उल्लिखित संस्थाको ठेगानामा कुनै परिवर्तन भएको खण्डमा नयाँ ठेगानामा सरेको १५ दिनभित्र विभागलाई जानकारी गराउनुपर्नेछ । जानकारीको अभावमा विभागद्वारा प्रेषित पत्र फिर्ता आएमा सोको जिम्मेवारी प्रवर्द्धक स्वयम्को हुनेछ । विभागले कुनै विवरण वा प्रतिक्रिया लिन आवश्यक भएमा त्यस संस्थाले उपलब्ध गराएको पछिल्लो ठेगानालाई नै आधार बनाइनेछ ।

(ञ) वातावरण सम्बन्धी अध्ययन वातावरण संरक्षण ऐन, २०५३ तथा वातावरण संरक्षण नियमावली, २०५४ र अन्य वातावरण सम्बन्धी प्रचलित कानूनी प्रावधानहरू अनुसार गर्नु पर्नेछ । साथै राष्ट्रिय निकुञ्ज तथा वन्य जन्तु संरक्षण ऐन २०२९, वन ऐन २०४९ लगायतका अन्य प्रचलित कानुनी प्रावधानको अवलम्बन गरी अध्ययन गर्नुपर्नेछ ।

(ट) यो अनुमतिपत्रमा उल्लेख गरिएको सर्वेक्षण क्षेत्रभित्र (अन्य कुनै खोला/नदीमा समेत) वा Upstream वा Downstream मा हालमा निर्माण भएका वा निर्माणाधिन वा विद्युत उत्पादन, प्रसारण वा वितरणको अनुमतिपत्र प्राप्त गरेका आयोजनाहरू वा कुनै विद्युत उत्पादनको जानकारी स्वीकृति प्रदान गरिएको भए वा भविष्यमा कुनै सर्वेक्षण अनुमतिपत्र वा जानकारी स्वीकृति प्रदान गरिएको खण्डमा सो आयोजनासंग समन्वय गरी आवश्यक अध्ययन गर्नुपर्नेछ । ती आयोजनाहरूको सम्बन्धमा अध्ययन प्रयोजनका लागि आवश्यक विवरण विद्युत विकास विभागमा अनुरोध गरी लिन सकिनेछ । यसबारे समन्वय हुन नसकेमा विभागले ऐन, नियमको परिधिभित्र रही निर्णय गर्नेछ ।

(ठ) प्रस्तावित आयोजनाको Upstream वा Downstream मा सिंचाइको कुलो, नहर, पानीघट्ट, पानीमिल, खानेपानी योजना तथा जल सञ्चालित अन्य आयोजना भए सोमा कुनै प्रतिकूल असर नपर्ने गरी आयोजनाको संरचना तथा आवश्यक पूर्वाधारहरूको सम्भाव्यता अध्ययन कार्य गर्नु पर्नेछ ।

(ड) त्यस संस्थालाई प्रदान भएको यस अनुमतिपत्रको प्रकरण ४ मा उल्लेख भएको सर्वेक्षण क्षेत्रभन्दा बाहिर नजाने गरी आयोजनाको संरचनाहरू जलाशयबाट सिर्जना हुने Back Water, Tail Water लगायतको सर्वेक्षण अध्ययन गर्नुपर्नेछ ।

(ढ) सर्वेक्षण कार्यको सिलसिलामा कसैको घर जग्गामा प्रवेश गर्नु परेमा सम्बन्धित व्यक्तिलाई पूर्व सूचना दिएर विद्युत ऐन, नियमावली एवम् जग्गा प्राप्ती ऐनको व्यवस्था अनुसार मात्र त्यस्तो घर जग्गामा प्रवेश गर्न सकिनेछ । त्यसरी प्रवेश गर्दा कुनै हानी-नोक्सानी हुन गएमा त्यस संस्थाले नै क्षतिपूर्ति दिनुपर्नेछ ।

(ण) यस अनुमतिपत्रद्वारा सर्वेक्षण गर्न अनुमति दिइएको आयोजनाको निर्माण गर्न चाहेमा प्रकरण (५) मा उल्लेख भएका सम्पूर्ण अध्ययन कार्यहरू सम्पन्न गरी विद्युत नियमावली, २०५० को नियम १९ बमोजिम यस अनुमतिपत्रको म्याद भित्र नियम १२ बमोजिमका विवरणहरू खुलाई विद्युत उत्पादनको अनुमतिपत्रको लागि दरखास्त दिनु पर्नेछ ।

(त) यस अनुमतिपत्रमा उल्लेख भए भन्दा फरक हुने गरी आयोजनाको अध्ययन गर्नुपरेमा सोको पूर्व स्वीकृती लिनुपर्नेछ ।

(थ) यस अनुमतिपत्रमा कुनै संशोधन गर्नुपर्ने भएमा आवश्यकता एवम् औचित्यका आधारमा विद्युत विकास विभाग र त्यस संस्थाको आपसी सहमतिमा गर्न सकिनेछ ।

(द) अनुमतिपत्र प्रदान भएको मितिबाट ३ (तीन) महिनाभित्र प्रवर्द्धकले कम्पनीको कर चुक्ता वा दाखिलाको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि विभाग समक्ष पेश गर्नुपर्नेछ । अन्यथा अनुमतिपत्र रद्द गर्न सकिनेछ ।

अनुमतिपत्र दिने अधिकारीको
सही :
नाम : नविन राज सिंह
पद : महानिर्देशक
विद्युत विकास विभाग
मिति : २०५४/९/७

नेपाल सरकार
ऊर्जा मन्त्रालय
विद्युत विकास विभाग



वि.वि.वि. ०५४/७५ वि.उ.स. १६८